

# दोर्दी-१ जलविद्युत खबर

**माघ २०७६, अंक ३८**

दोर्दी–१ जलविद्युत आयोजनाको निर्माण कार्य तिब्र गतिमा निरन्तर रुपमा भइरहेको छ। आयोजनाको Headworks अन्तर्गत रहेको बाँध क्षेत्रको निर्माण कार्य हाल ८० प्रतिशत सम्पन्न भइसकेको छ । सिभिल निर्माण कार्य अन्तर्गतको Gravel trap, Approach canal को निर्माण कार्य सम्पन्न भई Desander निर्माण कार्य अन्तिम चरणमा पुगिसकेको छ । आयोजनाको बाँध मा Hydro Mechanical को कार्य अर्न्तगत Gate leaf/ Hoist को Erection को कार्य निरन्तर रुपमा भइरहेको छ । यहि आगामी महिना सिभिल निर्माणको कार्य सम्पन्न गर्ने योजनाको साथ निमार्ण कार्य भइरहेको छ ।



*डिस्याण्डरको **Outlet gate** तर्फको कार्य प्रगति ।*

२५०० मिटर हेड रेस सुरुङ्ग रहेको यस आयोजनाको सुरुङ्ग २२१० मिटर उत्खनन् कार्य भइसकेको छ र आगामी दुई महिना भित्र सुरुङ्ग को Excavation को सम्पुर्ण कार्य सम्पन्न गरी सक्ने कार्य योजनाका साथ निरन्तर कार्य भइरहेको छ । त्यसैगरी आयोजनाको ३५ मिटर Underground Surge Tank को निर्माण कार्य को ६ मिटर Excavation कार्य सम्पन्न भइसकेको छ ।




*सुरुङ खन्ने कार्यको मासिक प्रगति ।*

Hydro Mechanical कार्य अन्तर्गत रहेको Penstock को Civil कार्य अन्तर्गत Anchor Block को ढलान र Road crossing कार्य भइरहेको छ । आयोजना स्थलमा ७०० मिटर पेनस्टोक पाइप ढुवानी भई जस मध्ये १६० मिटर पेन स्टोक पाइप जडान भइसकेको छ र Bifurcation Assembly का लागि Foundation Excavation को कार्य फागुनको पहिलो साता भित्र सम्पन्न गर्ने कार्य योजनाका साथ Excavation कार्य भइरहेको छ । Penstock Line Civil Work को भौतिक निर्माण कार्य ४५ प्रतिशत सम्पन्न भइसकेको छ ।



*आयोजनाको पेनस्टकको जडान गर्ने कार्य गरिँदै ।*

विद्युत गृहको भौतिक संरचना निर्माण कार्य पनि तिब्र गतिमा भइरहेको छ । आयोजनाको Turbine/Transformer/Generator को निर्माण कार्य सम्पन्न भई आयोजना पक्ष उक्त सामाग्रिको निरक्षणको कार्य भइ आयोजना स्थलमा ल्याउने तयारी भइरहेको छ । त्यसैगरी Switchyard को Electrical उपकरणहरु आयोजना स्थलमा ल्याउने काम निरन्तर भइरहेको छ । यस आयोजनाको विद्युत गृहको प्रगति विवरणको मुल्याङकनको आधारमा ६५ प्रतिशत कार्य सम्पन्न भइसकेको छ ।



***आयोजनाको विद्युत गृह निर्माण गरिदैं ।***

दोर्दी-१ जलविद्युत आयोजनाको नेपाल विद्युत प्राधिकरण अन्तर्गतको किर्तिपुर सब स्टेसनसम्म लैजाने प्रसारण लाइन निर्माणको प्रसारण लाइनको टावर निर्माण गर्न आवश्यक पर्ने जग्गाहरुको खरिद गर्ने प्रकिया अन्तिम चरणमा पुगेको छ । टावरको फाउन्डेसन निर्माणका लागि सिभिल कार्य शुरु भई ६ वटा Tower को Foundation Excavation को कार्य सम्पन्न भई सकेको छ । आयोजनाको Transmission line कार्य अर्न्तगत Tower, Conductor, Insulator, तथा अन्य आवश्यक सम्पुर्ण सामाग्रिहरु कार्य स्थलमा ल्याउने कार्य निरन्तर भइरकेको छ ।




***आयोजनाको सर्जटयाङ्ग क्षेत्र ।***

दोर्दी-१ जलविद्युत आयोजनाको विद्युत राष्ट्रिय प्रसारण ग्रीडमा जोड्न आवश्यक नेपाल विद्युत प्राधिकरण अन्तर्गतको किर्तिपुर सब स्टेसनको निर्माण कार्य पनि तीब्र गतिमा अघि बढिरहेको छ । यसका साथै प्रसारण लाइनका टावरहरुको निर्माणका लागि फाउन्डेसन निर्माण कार्य पनि नेपाल विद्युत प्राधिकरणले अघि बढाएको छ ।



***किर्तिपुर सबस्टेसनको निर्माणधिन कार्य प्रगति ।***

**सम्पादक : कृतिका भट्ट**
**दोर्दी खोला जलविद्युत कम्पनी लिमिटेड**
**त्रिपुरेश्वर, काठमाडौं**
**फोन नः ९७७ - ०१ ४२३२७५०**
**वेबसाइटः www.dordikhola.com.np**